# मधेश आन्दोलनमा पर्सा जिल्लामा भएका मानव अधिकारका उल्लंघनका घटना सम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन २०६३

प्रतिवेदन सार्वजनिक भएको मितिः ०६३ फागुन २९ गते


**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**
**सचिवालय**
काठमाण्डौ

**घटना अध्ययन टोली**

१. नारयणप्रसाद अधिकारी, इन्यूरेड इन्टरन्याशनल काठमाण्डौ
२. रोशनराज अर्याल इन्सेक, मानवअधिकार प्रतिनिधि, बारा
३. प्रेम कार्की  इन्सेक, प्रतिनिधि, पर्सा
४. विपिन गौत्तम इन्सेक प्रतिनिधि रौतहट

घटना भएको मितिः ०६३ माघ २ गते देखि फागुन २४ गते
पहिलो चरण अध्ययन गरिएको मितिः ०६३ फागुन २५/२६ गते

## घटना भएको जिल्लाको नक्शा



**घटनाको सारांश**

पर्सा जिल्ला मध्ये तराईको व्यापारीक र औद्योगिक केन्द्रका रुपमा परिचीत छ । जिल्लाको पूर्वि सिमाना वारा जिल्ला पश्चिम तर्फ चितवन, उतर तर्फ मकवानपुर जिल्लासँग र दक्षिणी सिमाना भारतको विहार राज्यसँग जोडिएको छ । पर्सा जिल्लामा १ उप महानगर पालिका र ८२ वटा गाविसहरु रहेका छन । यस जिल्लाको कूल जनसंख्या ५ लाख ५७ हजार २ सय ३८ रहेको छ । नेपाल प्रवेशको मूलद्वारको रुपमा यो जिल्लाको क्षेत्रफल १ हजार ३ सय ५३ वर्ग किलोमिटर रहेको छ ।

मधेशी जनअधिकार फोरमले आत्मनिर्णय सहितको संघीयराज्य, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र र समानुपातिक निर्वाचन प्रणालीलाई मुख्य माग वनाई २०६३ साल माघ २ गते देखि अनिश्चितकालिन मधेश वन्दको आह्वान गर्दै आम हडताल सहितको आन्दोलन सुरु गऱ्यो । यो आन्दोलन २०६३ साल माघ २४ गतेसम्म २३ दिन संचालन भयो । मधेशी जनअधिकार फोरमले संचालन गरेको आन्दोलनले पर्सा जिल्लालाई नै पूर्णरुपमा प्रभावित वनायो भने आन्दोलनको केन्द्र विन्दु जिल्लाको सदरमुकाम विरगञ्ज नगर वन्न पुग्यो । फोरमले संचालन गरेको आन्दोलनको अवधीमा वजार, यातायात, कलकारखाना, शिक्षण संस्था र केही सरकारी कार्यालयहरु तथा वित्तीय संस्था र गैरसरकारी कार्यालयहरु पूर्णरुपमा वन्द भएका थिए ।

फोरमद्वारा पहिलो चरणमा संचालन भएको आन्दोलनमा सुरक्षाकर्मीबाट चलाईको गोलि र गरिएको लाठीचार्जबाट १सय २५ जना फोरमका कार्यकर्ता र सर्वसाधरण जनता पिडीत भएका थिए भने फोरमका कार्यकर्ताको आक्रमणबाट ३९ जना सुरक्षाकर्मीहरु घाइते भए । आन्दोलनकारी मध्ये भारत घर भै विरगञ्ज उमनपा-१२ रानीघाटमा डेरागरी वस्ने रिक्सा चालक ५० वर्षीय महाविरप्रसाद साह र पर्सा जिल्ला झौवागुठी गाविस-९ मथवलका ३५ वर्षीय दिपेन्द्र साहले शहादत प्राप्त गरे । मधेशी जनअधिकार फोरमा द्वारा संचालित आन्दोलनमा स्थानीय प्रसाशन र शसस्त्र प्रहरीहरुले आवश्यक भन्दा वढी वल प्रयोग गरेको र फोरमका कार्यकर्ताहरुले शान्तिपूर्ण विरोध कार्यक्रम नगरी उश्रृखल गतिविधि सन्चालन गरेको घटनाक्रमहरुले पृष्टिगरेको छ । स्थानीय प्रशासनले आन्दोलनको अवधी भित्र १० दिन विरगञ्ज उप महानगरपालिकाको सम्पूर्ण क्षेत्र, सिर्सिया खल्वाटोला र रामगढवा गाविसमा कर्फ्यू आदेश जारि गरेपनि आन्दोलनको क्रम रोकिएन ।

## घटना विवरण

मधेशी जनअधिकार फोरमले २०६३ साल माघ २ गते देखि पर्सा जिल्लामा आम अड्तालको घोषणा गरी आन्दोलन संचालन गर्‍यो । यस आन्दोलनमा भारतको रजौरीया घर भै विरगञ्ज उप-महानगरपालिका-१२ रानीघाटमा डेरागरी वस्ने वर्ष ५० का महावीरप्रसाद साहलाई २०६३ माघ १३ गते प्रहरीले कर्फ्यू उल्लघंन गरी रिक्सा चलाएको भनी रानीघाटमा गरेको कुटपीटबाट ०६३ माघ १४ गते राती ४ वजे डेरामा नै मृत्यु भयो । नारायणी उप क्षेत्रीय अस्पतालमा गरीएको पोस्टमार्टम रिपोट अनुसार पिडीतको टाउँकोमा लागेको चोटबाट मृत्यु भएको जनाइएको छ । फोरमले साह लाई पर्साको पहिलो शहीद मानेको छ ।


मधेश आन्दोलनको क्रममा प्रहरीको गोली लागि मृत्यु भएका दिपेन्द्र साह
फोटो : नितेश माथेमा

झौवागुठी गाविस-९ मथवलका ३५ वर्षीय दिपेन्द्र साहलाई २०६३ माघ २० गते शसस्त्र प्रहरीले आन्दोलनका क्रममा पदमरोड स्थित पशु चिकित्सालय नजिक गोलि प्रहार गर्दा पेटमा गोलिलागि उपचारार्थ अस्पताल लैजादैं गर्दा निजको बाटैमा मृत्यु भएको थियो ।

फोरमले संचालन गरेको आन्दोलन अन्तरगत ०६३ माघ ८ गते फोरमका कार्यकर्ताहरुले घण्टाघरबाट सुरु गरेको जुलुसले होटेल मकालु र महालक्ष्मी फाइनान्समा ढुङ्गा मुढा गर्दै आर्दशनगर स्थित पुरानो वसपार्क अगाडी रहेको राष्ट्रिय वाणिज्य वैंक क्षेत्रिय कार्यालयको मूल गेट तोड्ने प्रयास गरी भित्र पस्न खोज्दा प्रहरीले लाठीचार्ज गर्‍यो । यस घटनामा मधेशी विद्यार्थी फ्रण्टका बद्री झा टाउँको फुटी घाइते भए । प्रहरीले फोरम पर्साका अध्यक्ष शसीकपूर मिया सहित राकेश पटेललाई पक्राउगरी २ घण्टासम्म जिल्ला प्रहरी कार्यालयमा राखेर छोड्यो ।

फोरमका कार्यकर्ताहरुले यातायात वन्द गराउन ०६३ माघ ९ गते वेलुका ५ वजे वसपार्कमा पुगी त्यहाँ पार्किङ गरिराखेका ना.२ ख ८९१३ नं को पेट्रोल टयाङ्कर र ना.१ ख ५३१ नं. को टेम्पो तोर्डफाड गरेपछि यातायात मजदुरहरु र फोरमका कार्यकर्ता विच दोहोरो भिडन्त भयो । सो भिडन्तमा यातायात मजदूरहरुले मधेशी युवा फोरमका केन्द्रीय अध्यक्ष जितेन्द्र सोनल र विद्यार्थी फ्रण्ट ठाकुरराम वहुमुखी क्याम्पस इकाइका अध्यक्ष ओमप्रकास कुसवाहलाई कुटपिटगरी प्रहरीको जिम्मा लगाए । प्रहरीले फोरमका नेताहरुलाई जिल्ला प्रहरी कार्यालयमा पुर्‍याएर छोडिदियो ।


मधेश आन्दोलनको एक झलक
फोटो : नितेश माथेमा

मधेशी जनअधिकार फोरमले ०६३ माघ ११ गते घण्टाघरवाट जुलुश प्रर्दशन गर्दै बीरगंज भंसार गेटमा तालाबन्दी गर्‍यो । जुलुश पुनः

घण्टाघरतर्फ फर्किरहेको बेला विर्ता चोकमा पहाडे समुदायका केही युवाहरुले जुलुशमाथि ढुङ्गा प्रहार गरे । त्यसपछि छिन्न भिन्न भएको जुलुश श्रीराम हल अगाडी एकत्रित भएर खसी काट्न बनाइएका टहराहरु भत्काई त्यहाँ रहेका भाँटाहरु सहित उत्तरतर्फ बढि विर्तास्थित पुर्वमन्त्री राजिव पराजुलीको घर तोडफोड गरी त्यहाँ रहेका ना ४ प ७६६५, ना ४ प २३८२ नम्बरका मोटरसाइकल तोडफोड गरे । यसरी नै सुमन श्रेष्ठको घरभित्र पाङ्किङ गरी राखेको ना १ च ६७३५ नम्बरको मारुती भ्यान र सुनिल मानन्धरको घरभित्र रहेको ना ५ प ३८१८ नम्बरको मोटरसाइकल तोडफोड गरी अगाडी बढ्दै घण्टाघर स्थित रेडक्रस भवन युवा स्पोर्ट्स क्लबमा ढुंगा प्रहार गरियो । र अंकुश दैनिकको कार्यालय अगाडी रहेको देशकी आवाज दैनिक पत्रिकाको ना ४ प ३१९९ नम्बरको मोटरसाइकल तोडफोड भयो । यसरी घण्टाघर बसपार्क लिंगरोडमा रहेका शिवा अस्पताल, होटल हिरा प्लाजा, कुमु प्यालेस, कान्तिपुर डेन्टल अस्पताल, होटल इन्द्रेणी, होटल आर्शिवाद, शाह होटल, होटल प्याराडाइज र बसपार्कमा पाकिङ्ग गरि राखेका दुइवटा वसमा ढुङ्गा प्रहार गरी तोडफोड गरे । सो क्रममा प्रहरीले घण्टाघर र बसपार्कमा ६-६ राउण्ड अश्रुग्याँस प्रहार गऱ्यो । स्थानीय प्रशासनले दिउँसो १ बजेदेखि राती ८ बजेसम्मका लागि बीरगंज उमनपाका सम्पूर्ण क्षेत्र र सिर्सिया खल्वाटोल तथा रामगढवा गाविसमा कर्फ्यु आदेश जारी गऱ्यो ।



प्रर्दशनकारीकारी तर्फ अश्रुग्याँस प्रहार गर्दै सशस्त्र प्रहरी
फोटो : नितेश माथेमा

स्थानीय प्रशासनले ०६३ माघ १२ गते विहान ८ बजेदेखि बेलुकी ९ बजेसम्मको लागि बीरगंज उमनपाका सम्पुर्ण क्षेत्रहरु, सिर्सिया र रामगढवा गाविसमा कर्फ्यु आदेश गरेको भएतापनि फोरमका कार्यकर्ताहरुले कर्फ्युको अवज्ञा गर्दै बीउनमनपा-१८ प्रतिमा चोक, विउमनपा-१९ नगवा, छपकैया, बसपार्क, रानीघाट, गहवा र पिप्रामा प्रर्दशनहरु गरे । फोरमका कार्यकर्ताहरुले नगवा स्थित अस्थायी प्रहरी चेक पोष्टमा प्रहरीसँग रहेको थ्रि नट थ्रि राइफल खोस्ने क्रममा भाँचियो र दोहोरो भिडन्त हुँदा प्रहरीले अँश्रुग्यास सेल, ६ राउण्ड हवाइफायर र लाठीचार्ज गऱ्यो । त्यसमा स्थानीय दिनेश साह र काशि मुखिया सामान्य घाइते भए भने फोरमका कार्यकर्ताहरुको ढुङ्गामुढावाट प्रहरी तर्फ प्रहरी निरिक्षक इश्वर कार्की, प्रसनी विष्णु थापा, प्रह सिद्ध वहादुर श्रेष्ठ, प्रज चुन बहादुर थापा मगर घाइते भए । र प्रर्दशनकारीहरुले नगवा प्रहरी अस्थायी चेक पोष्ट आगजनी गरे ।

स्थानीय प्रशासनले ०६३ माघ १३ गते विहानैदेखि कर्फ्यु आदेश जारी गरेपनि नेपाल सद्भावना पार्टी मण्डलका पर्सा जिल्ला अध्यक्ष छोटेलाल साहको नेतृत्वमा गएको जुलुशले रामगढवास्थित नेपाल कम्युनिष्ट पार्टी एमालेको पार्टी कार्यालय र पार्टी कार्यालय परिसरमा रहेको पूर्व प्रधानमन्त्री स्व.मनमोहन अधिकारीको सालिक तोडफोड गऱ्यो । यसरी नै

फोरमका कार्यकर्ताहरुले रानीघाट अस्थायी प्रहरी चौकीमा आगजनी गरेका थिए । कफ्र्युको उल्लंघन गरी बसपार्क, रानीघाट, नगवा र पिप्रामा प्रर्दशन गरेका थिए । प्रर्दशनका क्रममा प्रहरीले प्रिपा, नगवा र वसपार्कमा दर्जनौ सेल अश्रुग्याँस प्रहार र लाठीचार्ज गरेको थियो । यस घटनामा नगवा निवासी ४८ वर्षीय महमद सिरु, परवानीपुर-५ का ११ वर्षीय जितेन्द्र साह, बीरगंज-१७ प्रिपाका २१ वर्षीय राजु पटेल, इटियाही-८ बाराका ३० वर्षीय रमेश प्रसाद कुशवाहा घाइते भए । प्रर्दशनकारीको ढुङ्गामुढावाट प्रहरी तर्फ  विनोद के.सी., रुद्र बहादुर श्रेष्ठ, रमेश कटुवाल, कृष्ण कुँवर, निजामुद्दिन खाँन र सुरेन्द्र गिरी घाइते भए ।



कफ्र्यु उल्लंघन गर्दा प्रहरीले सडकमा हिडेका बटुवालाई पिट्न खोज्दै सशस्त्र प्रहरी ।

फोटो : नितेश माथेमा

कर्फ्युको उल्लंघन गर्दै फोरमका कार्यकर्ताहरुले ०६३ माघ १४ गते विहानै देखि घण्टाघर, श्रीपुर, छपकैया, मुरली लगायतका स्थानमा प्रर्दशन गरे । प्रर्दशनका क्रममा आन्तरिक राजस्व कार्यालय तोडफोड, गण्डक प्रहरी विटमा आगजनी, बीरगंज श्रीपुर - १५ स्थित रेडियो बीरगंजको कार्यालयमा तोडफोड गरे । प्रहरीले घण्टाघरमा दर्जनौ सेल अश्रुग्याँस र ८ राउण्ड हवाइफायर गर्‍यो । फोरमका कार्यकर्ताहरुले विहान घण्टाघरमा राष्ट्रिय फोटो पत्रकार समुह पर्साका महासचिव राम सर्राफ, डाक्टर रविन्द्र सिंह, र दिउँसो बीरगंज रिर्पोटका प्रबन्धक निर्देशक ध्रुव साहलाई कुटपीट र अभद्र व्यवहार गरे । प्रहरी र फोरमका कार्यकर्ता बीचको दोहोरो झडपमा प्रहरीको लाठीचार्जवाट श्रीराम महतो, अमित कुशवाहा, अनिरुद्र यादव, सोभी पटेल, मोहन पटेल र देवनाथ चौरसिया घाइते भए । यसरी नै प्रहरीले गण्डकमा फोरमका कार्यकर्ताहरुलाई लाठी चार्ज गर्दै भगाउने क्रममा बीरगंज उमनपा-१७ वहुअरीकी २५ वर्षीया गर्भवती सितादेवीलाई घरभित्र प्रवेश गरी कुटपीट गरे । फोरमका कार्यकर्ताहरुले रेडियो बीरगंज कार्यालयभित्र रहेका बा ३ प ९२९५, ना ४ प ६५७४, ना २ प २२७७ र ना ४ प ३१९९ नम्बरका मोटरसाइकलहरु तोडफोड गर्नुका साथै रेडियोको जेनेटर, फर्निचर, सोधपुक्ष कक्ष तोडफोड गरेका थिए । यसरी नै फोरमका कार्यकर्ताहरुले मेनरोड हिमाञ्चल केविन माथि रहेको पत्रकार महासंघ पर्सा शाखाको कार्यालयमा ढुङ्गामुढा गरेका थिए ।सो घटनाको विरोधमा महासंघले स्थानीय पत्रपत्रिकाको प्रकाशन बन्द गर्ने निर्णय गर्‍यो । यसैगरी आन्दोलनकारीले नेपाल वान टेलिभिजनका प्रतिनिधि राजु श्रेष्ठ र कान्तीपुर प्रतिनिधि सुजित महतलाई सार्वजनिक रुपमा ज्यान मार्ने धम्की दिएपछि उनिहरु विस्थापित भए ।

०६३ माघ १५ गते सशस्त्र प्रहरीले काठमाण्डौ तर्फ स्किटिङ्ग गरी लैजादै गरेका २५ वटा बसलाई बेलुकी ८:४५ बजे फोरमका कार्यकर्ताहरुले चिनी मिल आवास क्षेत्र अगाडी ढुङ्गा प्रहार गरी तोडफोड गरे । फोरमका कार्यकर्ताहरुको ढुङ्गा प्रहारवाट ना २ ख ६१४९ नं

को माछापुच्छ्रे भिडियो कोचका डाइभर राजकुमार परियार घाइते भए । सोही बसमा भारतको बौद्धगया तिर्थ गरी फर्केका ४३ जना लामाहरु समेत लुटिएका थिए । यसरी नै फोरमका कार्यकर्ताहरुले बीरगंज वसपार्कमा रहेको सिता लामाको होटलमा आगजनी गर्दा प्रहरी र फोरमका कार्यकर्ता बीच दोहोरो हुंदा प्रहरीको लाठीचार्जवाट बारा इटियाही-८ का महेन्द्र साह र किसनलाल साह घाइते भए ।

फोरमका कार्यकर्ताहरुले ०६३ माघ १८ गते विहान कर्फ्यु आदेशको उल्लंघन गर्दै कलैया चोकमा रहेको नेपाल आयल निगम क्षेत्रिय कार्यालय र अञ्चल यातायात व्यवस्था कार्यालयमा ढुङ्गामुढा र तोडफोड गर्दै नगवावाट लाठी र भाला सहितको जुलुश र बसपार्कवाट निस्किएको जुलुश घण्टाघरमा एकत्रित भई अगाडी बढेपछि सो जुलुशले विर्तामा पुगी कोष तथा लेखा नियन्त्रण कार्यालय, जिल्ला बन कार्यालय, सडक विभागमा आगजनी गरी त्यहाँ रहेका सम्पुर्ण कागजात, फर्निचर, कम्प्युटर जलाएर नष्ट गरेको थियो । सोही क्रममा कोलेनिकाको कार र सडक विभागको तिनवटा मोटरसाइकल जलाइएको थियो भने मालपोत कार्यालयका केही कागजातहरुपनि आगजनी गरेका थिए । सोही समुहले बीरगंज भन्सारक कार्यलय अगाडि पार्किङ्ग गरी राखेका ४५ वटा ट्रक, ८ वटा वसका सिसा तोडफोड गर्दै वाइपास रोडमा रहेका १ दर्जन क्याविन रेष्टुरेन्टहरु आगजनी र लुटपाट गरेका थिए । सशस्त्र प्रहरीले तीनघण्टा पछि दमकल लगेर कार्यालयहरुमा लगाइएको आगो निभाएको थियो ।

कर्फ्यू आदेशको उल्लंघन गदै मधेशी जन अधिकार फोरमले ०६३ माघ १९ गते हजारौको संख्यामा विरगञ्ज उमनपा-१६ अदालत रोड, नयाँवसपार्क र नगवा लगायत नगरका विभिन्न भागमा प्रदर्शनहरु गरे । फोरमका कार्यकर्ताहरुले घण्टाघर स्थित शहिद थिरवम मल्ल र वसपार्क स्थित भानुचोकमा रहेको शालिक तोडफोड गरे । सो क्रममा प्रहरी र आन्दोलनकारी विच भएका भिडन्तहरुमा प्रहरीको गोली र लाठी चार्ज बाट तीन दर्जन भन्दा वढि घाइते भएका थिए । प्रहरीको गोली बाट अदालतरोडमा घाईते भएका बारा परसौनी-६ का ३५ वीर्षिय नागिना पासवान, वीरगंज उमनपा-१९ नगवाका २१ वर्षिय राम भरोस राउत र टाउकोमा लाठी प्रहार बाट घाइते बीरगंज उमनपा-१९ नगवाका ४५ वर्षिय राजेन्द्र चौरसियाको उपचारका लागी हेलिकप्टर बाट काठमाण्डौं लगियो । राजेश कुमार, राम कुमार झा, राज कुमार गुप्ता, विरेन्द्र प्रंसाद गुप्ता, सन्तोष सर्राफ, हरिओम प्रसाद, रामबाबु गुप्ता, बृज किशोर गुप्ता, कालिम सर्राफ, राजु साह कानु, प्रयाग ठाकुर, राम प्रवेश राय, गगनदेव साह, भुवन कुमार पटेल, ध्रुव प्रसाद सोनार, ईन्द्रकान्त दास, रमेश शर्मा र मजाईर



प्रर्दशनकारीले नगवा प्रहरी चौकीवा प्रहरीवाट खोसेर भाँचेको नी थ्रट थ्री राइफल
फोटो : नितेश माथेमा

अंसारी गोलीद्वारा घाइते भए । उनीहरुको नारायणी उप क्षेत्रिय अस्पतालमा उपचार गराइयो ।

**यसरी नै समाचार संकलनमा गएका वाईपास दैनिकका नितेश माथेमा, अन्नपुर्णपोष्टका राम सर्राफ, पर्सा एक्सप्रेस दैनिकका प्रकाशक दिलीप प्रधान लाई प्रहरीले वसपार्कमा लाठी चार्ज गरि घाईते वनायो । प्रहरीले समाचार संकलन कै क्रममा जिल्ला प्रशासन कार्यालय अगाडी सांझ साढे सात वजे प्रतिक दैनिकका सम्वाददाता पवन तिवारी, पर्सा एक्सप्रेसका सम्वाददाता रितेष त्रिपाठी र राती नौ बजे देश कि आवाज दैनिकको कार्यालय जादै गरेका पत्रकार रमेश सराफ र पंकज दास लाई कर्फ्यु पास देखाउदा देखाउदै प्रहरीले व्यारेक अगाडी कुटपिट गरेका थिए ।**

यसै गरि नेपाल सदभावना पार्टी (आ.) ले आन्दोलनको समर्थनमा निकालेको जुलुस माथी प्रहरीले कर्फयू उल्लघंन गरेको आरोपमा नेपाल महिला मंच कि जिल्ला अध्यक्ष उषा श्रीवास्तव कार्यकर्ताहरु आरती देवी र गिता देवीलाई दिउँसो भारतीय महावाणिज्य दुतावास अगाडिबाट गिरफ्तार गरि वेलुका रिहा गरेको थियो ।

आन्दोलनका घाइतेहरुको उपचारमा संलग्न नेपाल रेडक्रस पर्सा शाखाका कर्मचारीहरु प्रकाश धमला, सुदर्शन पण्डित, रामनरेश यादव, टेकनाथ श्रेष्ठ र धर्मेन्द्र सिंह लाई घाइतेहरुलाई एम्वुलेन्स वाट अस्पताल तर्फ लग्दै गर्दा नारायणी उप-क्षेत्रिय अस्पताल अगाडी प्रहरीले कुटपिट गऱ्यो ।

मधेश आन्दोलनलाई भडकाएको आरोपमा बीरगंज उपमहानगरपालिकाका पुर्व मेयर विमल प्रसाद श्रीवास्तवलाई प्रहरीले वेलुका नौ बजे कुम्हालटोल स्थित घर लाई घेरा हाली गिरफ्तार गरे । वास्तवलाई पुनरावेदन अदालत हेटौडाको आदेशमा जिल्ला अदालत पर्साले ०६३ माघ २९ गते रिहा गरेको थियो ।

फोरमको आव्हानमा ०६३ माघ २० गते कर्फ्यु उलंघन गर्दै हजारौ जनताले बीरगंजको पदमरोड, मुर्ली, वसपार्क लगायत नगरका विभिन्न स्थानमा प्रदर्शन गरे । प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारी बीच दोहोरो भिडन्त हुंदा प्रहरीले ५० भन्दा वढि सेल अश्रुग्याँस र सयौं राउण्ड गोली तथा लाठी चार्ज गर्दा पदम रोड स्थित पशु चिकित्सालय नजिक प्रहरीको गोली पेटमा लागी भ्कौवागुठी गाविस-९ मथवलका ३५ वर्षिय दिपेन्द्र साहको मृत्यु भयो ।


प्रहरीले प्रहार गरेको अश्रुग्याँसवाट निस्केको धुँवा ।
फोटो : नितेश माथेमा

शसस्त्र प्रहरीले वींरगज मुर्लीका तिलेश्वरीदेवी, गिरीजादेवी, र दुर्गादेवीलाई घर भित्र प्रवेश गरी कुटपीट गरे । प्रहरीको गोलीबाट मुर्लीका जगतमोन कुसवाहको छातीमा, कुवेर सिंहको छातिमा, अन्जनीकुमार शर्माको हातमा, रमेशकुमार महतोको टाउकोमा, नगवाका नरेश कुमार सोनीको टाउकोमा, नरेश साहको टाउकोमा, संजय साहको खुट्टामा, राम अमिर

पण्डितको खुट्टामा, रंजित राउतको खुट्टामा, मनिर आलमको हातमा, वसपार्कमा पर्मा यादवको खुट्टामा, रामबाबु कुशवाहाको तिघ्रामा, विजय प्रंसाद साहको टाउकोमा गोली लागी घाईते भए ।

प्रहरीको गोली बाट घाइते भएकाहरु मध्ये गम्भीर अवस्था रहेका राम बाबु प्रसाद कुशवाहा, राम असिस पण्डित, संजय साह, विरेन्द्र पण्डित, चन्देश्वर राउत र रंजित राउत लाई थप उपचारको लागी हेलीकप्टर बाट काठमाण्डौ लगियो ।

सशस्त्र प्रहरीले गरेको लाठी चार्ज बाट सतिस कुमार वर्णवाल, मुन्ना प्रसाद, रमेश गुप्ता, राज महम्मद र निरन्जन महतो घाइते भए । घाइतेहरुको उपचार नारायणी उपक्षेत्रिय अस्पताल बीरगंजमा गराइयो ।


आगजनी गर्दै प्रर्दशनकारीहरु ।
फोटो : नितेश माथेमा

मधेशी जनअधिकार फोरमले ०६३ माघ २१ गते बृहद प्रदर्शनको लागी ग्रामीण क्षेत्र समेत वाट जन समुदाय सदरमुकाम उपस्थितीको लागी आव्हान गर्‍यो । स्थानिय प्रसाशनले विहानै देखि कर्फ्यु जारी गरेको हुंदा सात राजनैतिक दल र फोरमको सहमतीमा ग्रामीण क्षेत्रवाट आउने जन समुदायलाई बहुअर्वा भाटा गाविसमा जम्मा गरि आम सभागर्ने निर्णय भई सात राजनैतीक पार्टी तथा फोरमका नेताहरु सो गाविसमा पुग्दा त्यहाँ उपस्थित जनताहरुले नेताहरुको कुरालाई अवज्ञा गर्दै बीरगंज प्रवेश गर्ने निर्णय गरि ५० औं हजारको संख्यामा बीरगंज प्रवेश गरि घण्टाघरबाट जिल्ला प्रसाशन कार्यालय तर्फ वढन खोज्दा सशस्त्र प्रहरीले एक राउण्ड हवाई फायर संगै सिधै आन्दोलनकारी माथी फायरिंङ्ग सुरु गर्‍यो । उक्त घटनामा सर्लाहि गौरीशंकर गाविसका श्रीनारायण सिंह, बीरगंज मुर्लीका राधे साह कानु, राकेश साह, भिम प्रसाद कुशवाहा, लोरीक पासवान, विकल राउत, मोहताव मिया, कमल राउत कुर्मि, साहेव यादव, सुरेश राउत, चनु महतो, हिरामन साह कानु, राम क्षेत्रि, सुरेश राउत, भुलावन राम, संजय सिंह, मुन्ना सराफ, सुनिल चौहान र माया साह गोली लागी घाइते भए । घाइते मध्ये चिन्ताजनक अवस्थामा रहेका श्रीनारायण सिंह, राजेश साह कानु, विरवल राउत, मोहताव मियां लाई नाइटभिजन हेलिकप्टर द्वारा थप उपचारको लागी काठमाण्डौ लगियो भने प्रहलाद दास, भिम कुशवाहा, लोरिक पासवान लाई एम्वुलेन्स वाट काठमाण्डौ लगियो ।

## मधेश आन्दोलनको सम्बन्धमा प्रत्यक्षदर्शि र सरोकारवालाको भनाईं

**शत्रुघन नेपाल - सभापति, नेपाल पत्रकार महासंघ पर्सा शाखा**

मधेश आन्दोलनमा संचारकर्मीहरुमाथि दोहोरो आक्रमण भयो । आन्दोलनकारीहरुले पनि पत्रकारहरुलाई नै आक्रमणको निशाना बनाए भने प्रहरीले आफ्नो पहिचानको ज्याकेट, प्रेस पास र कर्फ्यु पास देखाउँदा देखाउँदै पनि पत्रकारहरु माथि लाठीचार्ज र दुर्व्यवहार गरे । फोरमले अगाडी सारेका मागहरु न्यायोचित हुँदाहुँदै पनि त्यसलाई सम्बोधन गर्न सरकारले ढिलासुस्ती र प्रधानमन्त्रीले दुई/दुई पटक सम्बोधन गर्दापनि पर्सा जिल्लामा मानवअधिकार उल्लंघनका घटनामा वृद्धि भयो । प्रहरी प्रशासनले संयमित हुँदाहुँदै पनि आन्दोलनमा भएको घुसपैठियाहरुको उच्श्रृखल गतिविधिका कारण केहि अप्रिय घटनाहरु भएका छन् । जुन निन्दनीय छन् । महासंघका सचिव ध्रुव अधिकारीले पनि यिनै प्रसङ्गमा जोड्दै पत्रकार महासंघको कार्यालयमा प्रर्दशनकारीहरुले गरेको ढुङ्गामुढा षडयन्त्रमुलक र नियोजित भएको बताउँदै मधेशको आन्दोलन मधेशमा बस्ने सम्पूर्ण समुदायको आन्दोलन हो, तर आन्दोलनभित्र रहेका घुसपैठियाहरुले एउटा समुदायको मात्रै हो भन्ने बनाउने कुचेष्टा गरे । फोरमको नेतृत्वले यसलाई गम्भीरतापूर्वक लिन सक्नुपर्छ ।

**भाग्यनाथ गुप्ता - केन्द्रिय उपाध्यक्ष, मधेशी जनअधिकार फोरम नेपाल**

सरकारले मधेशका जनताहरु आफ्नो हकअधिकारको लागि आन्दोलनमा उत्रदा ताकी-ताकी टाउको, छाती जस्ता सम्बेदनशील अङ्गमा गोली प्रहार गरेको छ । घरमा बसेका गर्भवती महिला समेतलाई कुटपीट गरिएको छ । विना चेतावनी गोली प्रहार गरियो । मधेशी समुदायका मान्छेहरुलाई सडक हिड्न नै नदिई कुटपिट गरियो । यो भन्दा मानवअधिकारको ठाडो उल्लंघन अरु के हुन सक्दछ ? लोकतान्त्रिक सरकारले अधिकारको माग गर्दै भएको आन्दोलनलाई दमन नीति लिएर पर्सा जिल्लामा सयौ राउण्ड बुलेट गोली सहित प्रर्दशनकारीमाथि प्रहार गर्‍यो । यस जिल्लामा दुई जना शहिद भएका छन् । ५० भन्दा बढीलाई गोली लागेको छ । अनगिन्ती घाइते भएका छन् । यसको सम्पूर्ण जिम्मेवारी गृहमन्त्रीले लिनुपर्छ । उसले तत्काल राजीनामा दिनुपर्छ । शहिद घोषणा र क्षतिपुर्ति पाउनु पर्छ र आन्दोलनको समयमा भएका सम्पूर्ण घटनाको जाँचबुझका लागि उच्चस्तरिय छानविन आयोग गठन हुनुपर्छ । आन्दोलनमा केहि स्वार्थीतत्वहरुको घुसपैठले केही अप्रिय घटनाहरु भएतापनि २३८ वर्षदेखि अन्याय अत्याचार, शोषण र दमनवाट दबिएर रहेका मधेशी जनताहरु स्वस्र्फुत रुपमा आन्दोलनमा सहभागी भएका हुन् ।

**नितेश माथेमा - फोटो पत्रकार** (पीडित)

हामी फोटोपत्रकारहरुले बसपार्कमा प्रहरी र प्रर्दशनकारी बीच तनाव भईरहेको छ भन्ने थाहा पायौं । म लगायत केही साथीहरु समाचार संकलनका लागि त्यहाँ पुग्दा बसपार्क भित्र प्रर्दशनकारी र भानु चोकमा प्रहरी बीच ढुङ्गा हानाहान भैरहेको थियो । त्यसैविच प्रहरीले ५/७ राउण्ड अश्रुग्याँस र हवाइ फायर गर्दै प्रर्दशनकारीलाई लखेटन थाल्यो । हामीले ज्याकेट लगाएका थियौं र फोटो खिचिरहेका थियौ । केही प्रहरीहरु हामीतिर आक्रमक ढङ्गले आए र हामी भागेपछि उनीहरुले लाठी प्रहार गरे । म

सहित फोटोपत्रकार राम सर्राफ घाइते भयौं । मलाई पाखुरा र खुट्टामा चोट लाग्यो । रामको हातमा चोट लाग्यो । नेपाल पत्रकार महासंघ पर्सा शाखाले तत्कालै निमित्त प्रमुख जिल्ला अधिकारी शम्भु कोइराला र शसस्त्र प्रहरी नायव उपरिक्षक रामविलास दाससँग भेट गरी प्रहरी दमनका विरुद्ध जानकारी गराउँदा आज आएका शसस्त्र प्रहरीहरुलाई निर्देशन दिन नभ्याएकाले यस्तो घट्ना भयो, आइन्दा यस्तो हुन दिनेछैन भनि आश्वासन दिएपछि प्रमुख जिल्ला अधिकारीसँग छुटेर बसपार्कमा भैरहेको दोहोरो भिडन्तको समाचार संकलन गर्न जाने क्रममा सशस्त्र प्रहरीले पर्सा एक्सप्रेस दैनिकका प्रवन्ध निर्देशक दिलिप प्रधानमाथि कुटपिट गर्‍यो र क्यामराको चिप्स खोस्यो ।

**राम सर्राफ - महासचिव, राष्ट्रिय फोटो पत्रकार समुह पर्सा शाखा**

मधेशी जनअधिकार फोरमका कार्यकर्ताहरुले ०६३ माघ १४ गते विहान ९ बजे घण्टाघरमा प्रर्दशन गरिरहेका थिए । स्थिति तनावपुर्ण थियो । त्यसैले म त्यहाँ समाचार संकलनका लागि गएको थिए । सोही समयमा डाक्टर रविन्द्र सिंह अस्पतालका घाइतेहरुको उपचारका लागि मोटरसाइकलमा त्यही बाटो हुँदै गइरहनु भएको थियो । त्यहाँ प्रर्दशनकारीहरुले वहाँको मोटरसाइकल रोकी दुर्व्यवहार गर्न शुरु गरे । मैले प्रर्दशनकारीहरुलाई वहाँको परिचय दिदै बचाउने कोसिस गर्दा ममाथि नै आक्रमण भयो । घण्टाघरमा रहेको प्रहरी मलाई पिटिरहेको स्थानमा दौडिएर आएपछि प्रर्दशनकारीहरु भागे र मेरो ज्यान बच्यो । नारायणी उपक्षेत्रिय अस्पतालमा दुई दिनसम्म उपचार गराएपछि स्वास्थ्यमा केहि सुधार भई घर आए ।

**महेश दास - सचिव, मानवअधिकार संरक्षण मञ्च पर्सा (घटनाको प्रत्यक्षदर्शी)**

माघ २१ गते बीरगंजमा कर्फ्यु लागेको थियो । सात राजनैतिक दल र फोरमले बहुअर्वा भाटा गाविसमा आमसभागर्ने भनी गरेको सहमतीलाई जनताले नमानेर जनसागर बीरगंज प्रवेश गर्‍यो । म र कान्तिपुर टेलिभिजनका शैलेश खरेल घटनास्थलमा थियौं । फोरमका त्यहाँ उपस्थित कार्यकर्ताहरु प्रायः सबैको हातमा फट्टा थिए । उनीहरुले हामीलाई समेत गाली गलौज गरिरहेका थिए । घण्टाघरमा रहेका प्रर्दशनकारीहरुले गाउँवाट आएका जनताहरुलाई जिल्ला प्रशासन कार्यालय तर्फ अगाडी बढाए । प्रहरी युवा स्पोँट क्लबको अगाडी सुतेर र खडा दुबै पोजिसनमा रहेको थियो । जुलुश त्यहाँ पुग्न नपाउँदै एक राउण्ड हवाइफायरसँगै प्रहरीले हुलमाथि गोली प्रहार गर्‍यो । प्रहरी गोली हान्दै अगाडी बढ्यो । मानिसहरु गोली लागि ढलिरहेका थिए । एसपी रमेश फुँयाल त्यही थिए । मैले उनलाई घाइतेहरुको उद्धारका लागि एम्बुलेन्स बोलाउन आग्रह गरें, तर उनले त्यो कुरा सुनेनन । सशस्त्र प्रहरीहरु गोली लागि घाइते भई लडिरहेका प्रर्दशनकारीहरुलाई अपशब्द प्रयोग गर्दै बुटसमेतले हिर्कारहेका थिए । घण्टाघर घटनामा प्रहरीले विना चेतावनी प्रर्दशनकारीहरु माथि गोली प्रहार गर्‍यो । मसँग रहेको क्यामरा सशस्त्रले खोस्यो । र फोटो डिलिट गरी फिर्ता दियो ।

**विजय भण्डारी प्रत्यक्षदर्शि , घण्टाघर बीरगंज**

माघ २१ गते कर्फयु उल्लंघन गरी फोरमका कार्यकर्ताहरु घण्टाघरमा जम्मा भएर प्रर्दशन गरीरहेका थिए । सोही अवस्थामा गाउँवाट ५० हजार भन्दा वढीको संख्यामा पावर हाउस चोकवाट जुलुश घण्टाघर तर्फ अगाडि वढ्यो भन्ने खवर आयो , म लगायत केही पत्रकारहरु अंकुस कार्यालयको माथि छतवाट घट्नाक्रम हेरिरहेका थियौं । पावर हाउसवाट आएको जुलुशको पहिलो समुह घण्टाघर आइपुग्ने वितिक्कै घण्टाघरमा रहेका प्रर्दशनकारीहरु समेत जिल्ला प्रशासन कार्यालय तर्फ अगाडि वढ्यो

। युवा स्पोंट क्लबको अगाडी प्रहरीहरु तयारी अवस्थामा वसेका थिए । जुलुशले प्रहरीलाई गालीगलौज गर्दै जिल्ला प्रशासन कार्यालय तर्फ अगाडी वढन खोज्यो सो समयमा प्रहरीले एक राउण्ड हवाई फायर गरेपछि जुलुश पछि हट्यो र भाग्न थाले, भाग्दा भाग्दै आन्दोलनकारीका तर्फवाट पनि जवाफि फायरिङ्ग गरेपछि प्रहरी तर्फवाट पनि गोली प्रहार भयो । प्रहरीले घाइते भई लडिरहेका प्रर्दशनकारीहरुलाई बुटसमेतले हिर्काएका थिए ।

**बालकृष्ण यादव - संयोजक, मधेश आन्दोलन घाइते तथा पीडित सहायतता कोष**

प्रधानमन्त्रीको पहिलो सम्बोधन र दोस्रो सम्बोधनको बीचको अवधिमा राज्यले पर्सा जिल्लामा सबैभन्दा बढी दमन गऱ्यो । यस अवधिमा सरकारले योजनाबद्ध ढङ्गवाट दमन नीति अख्तियार गरेको मैले महशुस गरेको छु । महिलाहरुलाई घरमा पसेर सम्बेदनशिल अङ्गहरुमा समेत कुटपीट गर्नु, विना चेतावनी ताकेर टाउकोमा गोली हान्नु, घाइतेहरुको उद्धारक रेडक्रसका कर्मचारीहरुमाथि लाठी चार्ज हुनुलाई मैले मानवअधिकार उल्लंघनको पराकाष्ठा ठानेको छु । जुनकुरा मधेश आन्दोलनमा भएको थियो । एक दर्जन भन्दा बढी मानिसहरुको टाउको, छातीमा गोली लागेको छ । यो अन्तर्राष्टिय मानवअधिकार कानून विपरित हो ।

**गगनदेव साह वर्ष २५- घाइते, विउमनपा-१४ श्रीपुर ।**

शान्तिपूर्ण जुलुश श्रीपुर प्रहरी चौकी अगाडी बढेपछि ०६३ माघ १९ गते प्रहरीले अश्रुग्याँस छाड्यो । प्रर्दशनकारीहरुको भागाभाग भयो । सोहीक्रममा प्रहरीले गोली चलायो र त्यसैमा म घाइते भएं । मेरो खुट्टाको पैतालामा गोली लागेको छ । म रिक्शा चालक अहिलेसम्म घाउ निको भैसेकेको छैन । आर्थिक अवस्था कमजोर भएकोले मेरो परिवारले कष्टकर जीवन विताउनु परेको छ ।

**मंगल गिरी ४६ वर्ष, किशोरी गिरी,४५ वर्ष - घाइते, विउमनपा-१४ श्रीपुर ।**

प्रहरी र प्रर्दशनकारीबीच ०६३ माघ २० गते पदम रोडमा दोहोरो भिडन्त भैरेहेको थियो । प्रहरीले अश्रुग्याँस छोड्यो । मान्छेहरु प्रहरी तर्फ ढुङ्गा चलाउँदै भागे र हामीपनि भाग्ने क्रममा प्रहरीले गोली चलायो । मेरो छाती र खुट्टामा गोली लाग्यो भने किशोरीको कन्चटमा गोली लाग्यो । हामीलाई एम्बुलेन्सले अस्पतालसम्म पुऱ्यायो ।

**चन्दु महतो, ३२ वर्ष - घाइते, मधुवन मथौल-५**

हामी जुलुशका सहभागीहरु ०६३ माघ २० गते घण्टाघरमा थियौ । जुलुश केही अगाडी बढेको थियो । प्रहरीले विना चेतावनी जुलुशमाथि गोली प्रहार गऱ्यो । हामीसबै भाग्यौ । अगाडीवाट खेद्दै गोली चलाउदै आएको प्रहरीको गोली मेरो खुट्टामा लाग्यो । म त्यही लडें र प्रन्ध मिनेटपछि एम्बुलेन्सले मलाई अस्पताल लिएर गयो । मैले अहिलेसम्मको सबै खर्च आफैले व्यहोर्दै आएको छु ।

## घटनाका सम्बन्धमा प्रशासनको भनाई

**हरिकृष्ण खतिवडा - निमित्त प्रमुख जिल्ला अधिकारी**

मधेश आन्दोलनको समयमा प्रमुख जिल्ला अधिकारी नरेन्द्रराज पौडेल र म सहायक प्रजिअ दुबैजना घरायसी कामले जिल्ला बाहिर थियौं । त्यसैले त्यसबेलाको घटना सम्बन्धी म कुनै पनि टिप्पणी गर्न सक्दिन् । आन्दोलनको अवधिमा निमित्त प्रमुख जिल्ला अधिकारी चितवन जिल्ला प्रशासन कार्यालयका सहायक प्रजिअ शम्भु कोइराला रहनुभएको थियो । हाल उहाँपनि काज फिर्ता भैसक्नु भएको छ ।

**रमेश फुँयाल - एसपी, जिल्ला प्रहरी कार्यालय प्रर्सा**

मधेश आन्दोलनमा प्रहरीले अति सयंमित अपनाएको हो । व्यक्तिगत रुपमा मैले आन्दोलनकारीहरुसँग शान्तिपूर्ण आन्दोलन गर्न र हिंसात्मक गतिविधि नगर्न हात जोडेर अनुरोध समेत गरें । केही त्यस्ता घटनाहरु भए, जहाँ भिड नियन्त्रणभन्दा बाहिर गई हिंसात्मक घटना हुने र त्यसवाट जनधनको ठुलो क्षति हुने देखिएपछि भिडलाई नियन्त्रणमा लिन प्रहरीले चेतावनी सहित गोली चलाउनु पर्‍यो । प्रहरीले मानवअधिकार उल्लंघन गरेको छैन । सरकारी र सार्वजनिक सम्पत्ति र जनताको जीउधनको सुरक्षा गर्नु प्रहरीको कर्तव्य भित्र पर्ने कुरा हो । जुन कुरा कानूनले पनि व्यवस्था गरेको छ । कानूनी व्यवस्था अनुसार नै स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले केही घटनाहरुमा बल प्रयोग गर्नु पर्‍यो । आन्दोलनकारीले माघ १२ गते नगवामा प्रहरीको राइफल खोसी भाँचिदए भने माघ २१ गते प्रहरीलाई लक्षित गरी घण्टाघरमा गोली प्रहार गरे । भारतीय नागरिक महावीर साहलाई प्रहरीको लाठीवाट मृत्यु भयो भनिएको छ, यस सम्बन्धमा स्थलगत मुचुल्का हामीसँग छ । उनको कालगतिले मृत्यु भएको हो । दिपेन्द्र साह कानु भने प्रहरीकै गोलीवाट मारिएका हुन । यस आन्दोलनमा प्रहरीतर्फ ३९ जना घाइते भएका छन् ।

## निचोड तथा सिफारिश

- मधेसी जनअधिकार फोरमले सन्चालन गरेको आन्दोलनलाई सरकारले समयमा सम्वोधन गर्न नसक्दा आन्दोलनले हिंसात्मक रुप लिएको देखियो ।
- प्रधानमन्त्रीले पहिलो सम्वोधनमा फोरमले राखेका मागहरुलाई स्पष्ट ढंगले सम्वोधन गर्न नसक्दा पर्सा जिल्लामा मानवअधिकारको उल्लंघनका घट्नामा वृद्धि भएको पाइयो ।
- फोरमको आन्दोलन आफनो नियन्त्रण भन्दा वाहिर गएकोले आन्दोलनले हिंसात्मक रुप लिन पुगेको देखियो ।
- राजनैतिक पार्टिहरुको यस आन्दोलनमा स्पष्ट नितिको अभाव र दोहोरो भूमिकाको कारणले आन्दोलनमा वढि मानवअधिकारको उल्लघंन भएका पाइयो ।
- प्रहरी प्रशासनले केहि स्थानहरुमा आवश्यक भन्दा वढी वल प्रयोग गरेका कारण मानविय क्षति भएको पाइयो ।

- आन्दोलनकारीहरुले शान्तीपूर्ण आन्दोलन भनेता पनि हातहतियार सहित सुरक्षाकर्मीमाथि आक्रमण गरेका र प्रहरीको हातहतियार खोस्ने प्रयास गरिएकाले प्रहरीले गोली चलाउनु परेको स्थलगत अध्ययनवाट देखियो ।
- आन्दोलनको क्रममा पत्रकार र अधिकारकर्मीहरुले स्वतन्त्ररुपमा सूचना संकलन गर्न पाएनन् र दोहोरो आक्रमणको शिकार हुनुपऱ्यो ।
- दैनिक काम गरेर जिविकोपार्जन गर्ने समुदाय आन्दोलनको अवधिमा थप पीडित भए ।
- हिंसात्मक आन्दोलनका कारण आम नागरिकहरुमा आन्दोलन अवधिभर असुरक्षा, डर त्रास र भयवाट आक्रान्त बनेका देखियो ।
- अधिकारको लागि आन्दोलनमा सहभागी भन्दा लुटपाट